संघीय संसद

राष्ट्रिय सभा

तेह्रौं अधिवेशन

बैठक-७

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ५:२१ बजे*
*बैठक स्थगित : ५:२९ बजे*

२०७९ माघ २७, शुक्रबार

---

संघीय संसद, राष्ट्रिय सभाको **तेह्रौं अधिवेशनको सातौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ५:२१ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी प्राप्त पत्रको ब्यहोरा जानकारी गराउनुभयो ।

**विषयः कार्यभार तोक्नुभएको सम्बन्धमा ।**

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले संवत् २०७९/०९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्का माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री शिशिर खनाल र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले प्रधानमन्त्रीको सिफारिसमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध छ ।

(यादवप्रसाद कोइराला)

सचिव

२०७९/१०/२३

तत्पश्चात् सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई संवत् २०७९ माघ २७ गते सम्माननीय राष्ट्रपति महोदयबाट नेपालको संविधानको धारा ९५ बमोजिम प्रतिनिधि सभाको निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको प्रति राष्ट्रिय सभा नियमावली २०७५ को नियम ३७ को उपनियम (१) बमोजिम टेबुल गर्न समय उपलब्ध गराउनु भयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय सदस्य गंगा कुमारी बेलबासेलाई सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि धन्यवादको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनु भयो ।

त्यसलगत्तै सम्माननीय अध्यक्षले उक्त धन्यवादको प्रस्तावका समर्थक माननीय भैरव सुन्दर श्रेष्ठलाई उक्त धन्यवादको प्रस्तावको समर्थन गर्न अनुमति दिनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट नेपलको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई आज संवत् २०७९ माघ २७ गते शुक्रवारका दिन गर्नुभएको सम्बोधनका लागि सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्न माननीय गंगा कुमारी बेलबासेले राख्नुभएको धन्यवादको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु भयो । उक्त धन्यवादको प्रस्ताव **सर्वसम्मतिले** पारितभयो।

तदनन्तर सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल फागुन २ गते मङ्गलवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव